## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं ।
- बासी तथा सडेगलेका खाना नखाऔं ।
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

## लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपाय:

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, टाउको धेरै दुखेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा जँचाउन जाने ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- आफ्नो घर वरिपरी झाँडी नराखौं र सधै वातावरण सफा राखौ ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## आगलागि हुन नदिन सधै चनाखो बनौं ।

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं ।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छयापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं ।
- घरवस्ती नजिकै पोखरी, टयाङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।
- आगलागी जन्य विपद्बाट बच्न चनाखो बनौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल